फोन: ०५६-४१०१२२/४१०१११
इमेल: info@ichchhakamanamun.gov.np
वेबसाइट: ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८३/८४
च.नं. ११८

मिति: २०८३।०५।११

**विषय:- मेला, महोत्सव, खेलकुद, मनोरञ्जनात्मक तथा तीज-दर कार्यक्रम सञ्चालन नगर्न/नगराउनुहुन अनुरोध सम्बन्धमा ।**

श्री सरोकारवालाहरू सबै
इच्छाकामना गाउँपालिका, चितवन ।

प्रस्तुत विषयमा, मिति २०८३।०५।१० गते त्रिशुली नदी तथा भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढी-पहिरोका कारण उत्पन्न विपद्जन्य परिस्थितिले ठूलो जनधनको क्षति तथा राष्ट्रिय स्तरमै असहज अवस्था सृजना भएको हुँदा यस संवेदनशील अवस्थालाई मध्यनजर गर्दै यस गाउँपालिका विपद् व्यवस्थापन, उद्धार, राहत तथा पुनर्स्थापनाका साथै गाउँपालिकाबासी बाढीबाट प्रभावित नागरिकहरूको खोजतलास र पारिवारिक सम्पर्क स्थापनासम्बन्धी कार्यहरूलाई प्राथमिकताका साथ अगाडि बढाइएको व्यहोरा अवगत गराइन्छ।

यस विषम परिस्थितिमा स्थानीय व्यक्ति, संघसंस्था, क्लब, आमसमूह, सामाजिक संस्था तथा अन्य सम्बन्धित निकायबाट आयोजना गरिने तडकभडक देखिने प्रकृतिका मेला, महोत्सव, खेलकुद प्रतियोगिता, सांस्कृतिक कार्यक्रम, मनोरञ्जनात्मक कार्यक्रम, नाचगान, तीज पर्वको अवसरमा हुने दर खाने कार्यक्रम तथा अन्य उत्सवजन्य कार्यक्रमहरू (परम्परागत, धार्मिक र सांस्कृतिक महत्त्वका कार्यक्रम बाहेक) हाललाई सञ्चालन नगर्न/नगराउनुहुन यस गाउँपालिकाको तर्फबाट हार्दिक अनुरोध गरिन्छ।

साथै, विपद्को यस घडीमा प्रभावित परिवार तथा समुदायप्रति ऐक्यबद्धता जनाउँदै उपरोक्त कार्यक्रमहरूका लागि छुट्याइएको खर्च, साधन र रकमलाई सम्भव भएसम्म विपद् प्रभावितहरूको उद्धार, राहत तथा पुनर्स्थापनामा वा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरी उपयोग गर्नुहुन समेत अपेक्षा गर्दछौं । विपद्को यस संवेदनशील अवस्थालाई मनन गरी गाउँपालिकाको यस अनुरोधलाई आत्मसात् गर्दै आवश्यक सहयोग, समन्वय तथा सहकार्य गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

.....................
दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष